**आकाशवाणी समाचार- नेपाली**

मितिः १४ जुन २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले हिजो प्रधानमन्त्री नरेन्द्र मोदीलाई फोनमा पश्चिम एसियाको वर्तमान अवस्थाको बारेमा जानकारी गराउनु भयो।

- विदेशमन्त्री डा. एस जयशंकरले हिज मार्सेलीमा फ्रान्सेली विदेशमन्त्री ज्या नोएल बरोटसँग वार्ता गर्नु भयो।

- आयुष मंत्रालय आज नई दिल्लीमा एक पृथ्वी, एक स्वास्थ्यका लागि योगमा आधारित हाइब्रिड वैश्विक शिखर सम्मेलन-योग कनेक्टको आयोजना गर्नेछ।

- इजरायली आक्रमणको बदलामा इरानले सयौं क्षेप्यास्त्र र ड्रोन प्रहार गरेको छ, जसलाई अपरेशन सेभियर पनिशमेन्ट नाम दिइएको छ।

- जर्मनीको म्युनिखमा भएको विश्वकप सुटिङमा भारतकी सुरुची सिंहले महिला १० मिटर एयर पिस्तोल प्रतियोगिताको फाइनलमा स्वर्ण पदक जितेकी छिन्।

**पीएम मोदी – इसरायल**

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले हिजो प्रधानमन्त्री नरेन्द्र मोदीलाई फोनमा पश्चिम एसियाको वर्तमान अवस्थाको बारेमा जानकारी गराउनु भयो। सामाजिक सञ्जालमा एक पोस्ट गर्नु हुदै श्री मोदीले नेतान्याहूसँगको वार्तामा क्षेत्रीय शान्ति र स्थायित्वको चाँडै पुनर्स्थापनाको आवश्यकतामा जोड दिएको बताउनु भएको छ। इजरायलका विदेशमन्त्री गिदोन सारले पनि विदेशमन्त्री डा. एस जयशंकरलाई फोनमा हालको घटनाक्रमको बारेमा जानकारी गराउनु भयो। डा. जयशंकरले इरानी विदेशमन्त्री सय्यद अब्बास अरगाचीसँग पनि क्षेत्रको पछिल्लो अवस्थाबारे पनि छलफल गर्नु भयो।

**जयशंकर-फ्रांस-विदेश मंत्री**

विदेशमन्त्री डा. एस जयशंकरले हिज मार्सेलीमा फ्रान्सेली विदेशमन्त्री ज्या नोएल ब्यारोटसँग वार्ता गर्नु भयो। वार्ताको क्रममा डा. जयशंकरले आतंकवाद विरुद्ध फ्रान्सको कडा निन्दा र भारतको आत्मरक्षाको अधिकारको समर्थनलाई स्वागत गर्नु भयो। दुई मन्त्रीहरूले व्यापार, रक्षा, स्वच्छ ऊर्जा, भारत-मध्य एसिया-युरोप आर्थिक करिडोर, संस्कृति र जनता-जनता सम्बन्ध सहित द्विपक्षीय सहयोगमा सकारात्मक छलफल गर्नु भयो। सामाजिक सञ्जाल पोस्टमा, डा. जयशंकरले भारत-फ्रान्स नवप्रवर्तन वर्ष २०२६ को पहिले प्रविधि, एआई, साइबर र अन्तरिक्ष क्षेत्रमा नयाँ अवसरहरू पहिचान गरेको बताउनु भयो। उहाले भन्नु भयो, भारत र फ्रान्स बीचका धेरै समानताहरूले स्थायी रणनीतिक साझेदारीको विश्वास र बल प्रदर्शन गर्दछ।

**आयुष-योग**

आयुष मंत्रालय आज नई दिल्लीमा एक पृथ्वी, एक स्वास्थ्यका लागि योगमा आधारित हाइब्रिड वैश्विक शिखर सम्मेलन-योग कनेक्टको आयोजना गर्नेछ। यो शिखर सम्मेलन २१ जुनमा ११ औं अन्तर्राष्ट्रिय योग दिवसको प्रमुख कार्यक्रमको रूपमा आयोजना गरिनेछ। यस कार्यक्रममा एक हजारभन्दा बढी सहभागीहरू सहभागी हुनेछन्। विश्वका अग्रणी अन्तर्राष्ट्रिय

योग संस्थानहरू र स्वास्थ्य समुदायका सहभागीहरू पनि भर्चुअल रूपमा सामेल हुनेछन्। बहराइन, संयुक्त राज्य अमेरिका, बेलायत र दक्षिण कोरिया लगायत चार भन्दा बढी देशका विज्ञहरूले पनि शिखर सम्मेलनमा भाग लिनेछन्। अन्तर्राष्ट्रिय योग दिवसको दशक लामो प्रभावको अध्ययन सम्बन्धी प्रतिवेदन - योग प्रभाव शिखर सम्मेलनको क्रममा जारी गरिनेछ। एक दशकमा योगको प्रभाव सम्बन्धी ई-पुस्तक र योग अनुसन्धानको वैज्ञानिक विश्लेषण सम्बन्धी प्रतिवेदन पनि अनावरण गरिनेछ। शिखर सम्मेलनमा विभिन्न विषयगत सत्रहरू हुनेछन्।

**अहमदाबाद दुर्घटना जाच**

गुजरातको अहमदाबादमा भएको विमान दुर्घटनाको अनुसन्धान जारी छ। दुर्घटनाको वास्तविक कारण थाहा नभएको र फोरेन्सिक विश्लेषण अघिल्लो जाचको प्रतीक्षामा रहेको बताइएको छ। हाम्रा संवाददाताका अनुसार सात भन्दा बढी शव मृतकका आफन्तलाई हस्तान्तरण गरिएको छ।

BYTE

**पुरी-भारत ऊर्जा**

केन्द्रीय पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री हरदीप पुरीले देशमा आगामी महिनाका लागि पर्याप्त इन्धन उपलब्ध रहेको बताउनु भएको छ । पेट्रोलियम सचिव र ऊर्जा क्षेत्रका सार्वजनिक क्षेत्रका उपक्रमका प्रमुखहरूसँगको समीक्षा बैठकपछि सामाजिक सञ्जाल पोस्टमा उहाले यसबारे जानकारी दिनु भएको हो । इरानमा इस्रयलको हमलापछि हिजो अन्तर्राष्ट्रिय तेलको मूल्यमा तीव्र वृद्धि भएकोले इन्धन आपूर्तिको बारेमा यो जानकारी महत्त्वपूर्ण छ। श्री पुरीले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारतको ऊर्जा नीति उपलब्धता, शुलभ र दिगोपनको सफलतामा आधारित रहेको बताउनु भयो । भारतले वार्षिक एक सय पचास अर्ब अमेरिकी डलरको तेल आयात गर्छ र यो आयातले भारतको कच्चा तेलको आवश्यकताको लगभग असी प्रतिशत पूरा गर्दछ।

**दिल्ली- आबकारी नीति**

दिल्ली सरकारले चाँडै नै नयाँ आबकारी नीति ल्याउने भएको छ । यस नीतिको मुख्य उद्देश्य गुणस्तरीय मदिराको उपलब्धता सुनिश्चित गर्नु र बिक्री तथा वितरण प्रणालीलाई पारदर्शी, आधुनिक र जवाफदेही बनाउनु हो। दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताले हिजो नयाँ नीतिमा आबकारी प्रणालीमा धेरै सुधारहरू समावेश हुने, जसमा मदिराको वैज्ञानिक परीक्षण, बिक्री प्रणालीको डिजिटलाइजेशन, अवैध बिक्री विरुद्ध कडा कारबाही र इजाजतपत्र प्रक्रियामा पारदर्शिता समावेश हुने बताउनु भएको छ । उहाले भन्नु भयो, मुख्य सचिव धर्मेन्द्र कुमारको नेतृत्वमा रहेको समितिले सबै पक्षहरूमा व्यापक रूपमा विचार गरिरहेको छ। मुख्यमन्त्रीले भन्नु भयो, उच्चस्तरीय समितिले सबै सरोकारवालाहरूसँग छलफल गरिरहेको छ र विस्तृत आबकारी नीति तयार गर्न अन्य राज्यहरूमा लागू गरिएका उत्कृष्ट अभ्यासहरूको अध्ययन गरिरहेको छ। उहाले यो प्रक्रिया यस महिनाको अन्त्यसम्ममा पूरा हुने बताउनु भएको छ ।

**सीबीडीटी- कर चोरी**

केन्द्रीय प्रत्यक्ष कर बोर्ड – सीबीसीटी-ले क्रिप्टो मुद्रामा लगानी मार्फत उच्च जोखिम भएका व्यक्तिहरूको कर चोरी र बेहिसाब आम्दानीको स्रोतहरूको जाच गरिरहेको छ। सीबीसीटी स्रोतहरूले भनेको छ, भर्चुअल डिजिटल सम्पत्ति-VDA लेनदेनमा संलग्न र आयकर ऐन, १९६१ को पालना नगर्ने संस्था र व्यक्तिहरूलाई प्रमाणीकरणको लागि पहिचान गरिएको छ। स्रोतहरूले यो पनि भनेको छ, डेटा विश्लेषणले धेरै संख्यामा मानिसहरूले ITR को VDA फाइल नगरेको र कमाएको आयमा कम कर तिर्न प्रस्ताव गरेको खुलासा गरेको छ, जसले गर्दा आयकर ऐनको प्रावधानहरू उल्लङ्घन भएको छ। स्रोत अनुसार CBDT ले हालै हजारौं डिफल्टरहरूलाई उनीहरूको ITR समीक्षा र अद्यावधिक गर्न इमेल पठाएको छ।

**तेलंगाना-571 नयाँ स्कूल**

तेलङ्गानाका मुख्यमन्त्री ए. रेवन्त रेड्डीले सरकारी विद्यालयहरूमा उच्च शैक्षिक स्तर कायम राख्नु सरकारको सर्वोच्च प्राथमिकता भएको र राज्यका प्रत्येक बालबालिकाको लागि गुणस्तरीय शिक्षाको लागि काम जारी राख्ने बताउनु भएको छ। हिजो साँझ हैदराबादमा वरिष्ठ अधिकारीहरूसँगको समीक्षा बैठकमा, मुख्यमन्त्रीले यस शैक्षिक वर्षमा ५ सय ७१ नयाँ सरकारी विद्यालयहरू खोलिने घोषणा गर्नु भयो। उहाले अधिकारीहरूलाई विद्यार्थीहरूको भाषा प्रवीणता र सीप विकासमा बढी ध्यान केन्द्रित गर्न निर्देशन दिनु भयो।

**एयर इंडिया विमान-आई.एम.ए.**

भारतीय चिकित्सा संघका गुजरात राज्यका अध्यक्ष मेहुल शाहले गत विहीबार अहमदाबादको सरदार वल्लभ भाइ पटेल अन्तर्राष्ट्रिय विमानस्थल नजिकै रहेको डाक्टरहरुको होस्टेलमा एयर इन्डियाको विमान दुर्घटनाग्रस्त हुँदा चार मेडिकल विद्यार्थी र एक डाक्टरको पत्नीको मृत्यु भएको बताउनु भएको छ। उहाले घाइतेहरूलाई सहयोग गर्न सयभन्दा बढी डाक्टरहरू दुर्घटनास्थलमा पुगेको बताउनु भएको छ। श्री शाहले होस्टेल परिसरमा ४५ भन्दा बढी मेडिकल विद्यार्थीहरूलाई उद्धार गरिएको बताउनु भयो। उहाले दुर्घटनामा कुनै पनि प्रकारको सहयोगको लागि भारतीय चिकित्सा संघ मुख्यमन्त्री भूपेन्द्र पटेल सहित धेरै अधिकारीहरूसँग सम्पर्कमा रहेको पनि बताउनु भएको छ।

**कैलाश मानसरोवर यात्रा**

विदेश राज्यमन्त्री पबित्रा मार्गेरिटाले हिज नयाँ दिल्लीमा कैलाश मानसरोवर यात्रा २०२५ को पहिलो समूहलाई झण्डा देखाउन आयोजित समारोहको अध्यक्षता गर्नु भयो। उहाँले तीर्थयात्रीहरूको सुरक्षित र सन्तोषजनक यात्राको कामना गर्नुभयो। केन्द्रीय मन्त्रीले रक्षा मन्त्रालय, गृह मन्त्रालय, भारत-तिब्बती सीमा पुलिस , दिल्ली, उत्तराखण्ड र सिक्किम राज्य सरकारहरू र राष्ट्रिय सूचना विज्ञान केन्द्रको भूमिकाको प्रशंसा गर्नु भयो। उहाँले यात्रा पुनः सुरु गर्न चिनियाँ पक्षको सहयोगको पनि प्रशंसा गर्नु भयो।

**मौसम**

मौसम विभागले राजस्थानको लागि रेड अलर्ट जारी गरेको छ र आगामी दुई देखि तीन दिनसम्म राज्यमा धुलोको आँधीसँगै गम्भीर गर्मीको लहरको अवस्था जारी रहने बताएको छ। विभागका अनुसार आज जम्मू कश्मीर, हरियाणा, चण्डीगढ, दिल्ली, मध्य प्रदेश, पञ्जाब र उत्तर प्रदेशका केही ठाउँमा पनि गर्मीको लहर चल्नेछ। बिहार, सौराष्ट्र र कच्छमा तातो र आर्द्र मौसम रहनेछ। यसैबीच, मौसम विभागले तटीय कर्नाटक, केरला, माहे, कोंकण, गोवा, तमिलनाडु, पुडुचेरी र कराइकलका केही ठाउँमा भारी वर्षा हुने पूर्वानुमान गरेको छ।

BYTE

**निशानेबाजी-विश्वकप**

जर्मनीको म्युनिखमा भएको विश्वकप सुटिङमा भारतकी सुरुची सिंहले महिला १० मिटर एयर पिस्तोल प्रतियोगिताको फाइनलमा स्वर्ण पदक जितेकी छिन्। उनले फ्रान्सकी क्यामिल जेड्रजे जेव्स्कीलाई पराजित गरिन्। विश्वकपमा यो प्रतियोगितामा सुरुचीको यो लगातार तेस्रो व्यक्तिगत स्वर्ण पदक हो। यसअघि, इलाभेनिल भलारिभान र सिफ्ट कौर सम्राले राइफल प्रतियोगितामा कांस्य पदक जितेका थिए। भारत तीन पदकसहित प्रतियोगितामा चौथो स्थानमा छ।